# हलेसी तुवाचुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७८/११/१६

## भाग - १

**हलेसी तुवाचुङ नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा**

**व्यवस्था गर्न बनेको विधेयक, २०७८**

# हलेसी तुवाचुङ नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा

# व्यवस्था गर्न बनेको विधेयक, २०७८

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई हलेसी तुवाचुङ नगरपालिकामा कामकाज गर्न खटिए पश्चात साबिकको नगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण हलेसी तुवाचुङ नगरपालिकामा को समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा नगर सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी नगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ( १) बमोजिम हलेसी तुवाचुङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"हलेसी तुवाचुङ नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८"** रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको **"हलेसी तुवाचुङ नगरपालिका**को स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायवाट **"हलेसी तुवाचुङ नगरपालिका**मा पदस्थापन

भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **“कार्यपालिका”** भन्नाले **“हलेसी तुवाचुङ नगरपालिका**को नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **“तोकिएको” वा“तोकिए वमोजिम”** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **“नगर सभा”** भन्नाले **“हलेसी तुवाचुङ नगरपालिका**को नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **“नगर सेवा”** भन्नाले **“हलेसी तुवाचुङ नगरपालिका**मा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **“नगरपालिका”** भन्नाले **“हलेसी तुवाचुङ नगरपालिका**लाई सम्झनु पर्छ ।

(ज) **“स्थानीय कानून”** भन्नाले **“हलेसी तुवाचुङ नगरपालिका**वाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

**३.नगर सेवाका कर्मचारी समायोजन गर्ने**: (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत महानगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगर सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछ :

| क.स | साविकको तह | समायोजन पश्चात कायम हुने तह | आवश्यक न्यूनतम योग्यता | कै |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | प्रवेशिका वा सो सरह उत्तीर्ण | |
| ४. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण | |
| ५. | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौं | स्नातकतह वा सो सरह उत्तीण | |
| ६. | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | स्नातकतह वा सो सरह उत्तीण | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पद कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) यस दफा वमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

**४. समायोजनको पत्र दिने:** (१) यस ऐन वमोजिम समायोजन भए पश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

**५.पदस्थापन गरिने :** यस ऐन वमोजिम समायोजन भएपश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धारण गरे वमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा:** यस ऐन वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोकेवमोजिम हुनेछ ।

**७. पुल दरवन्दी सम्वन्धी व्यवस्था:** दफा ३ वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथा स्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**८. जेष्ठताको गणना: (१)** यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएता पनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

**९.आवश्यक व्यवस्था मिलाउने:** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आज्ञाले
रविकिरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

समायोजन पत्र

पत्र सख्या :

चलानी न.

मिति....................

श्री .............

.................

विषय : **समायोजन गरिएको सम्वन्धमा** ।

कर्मचारी समायोजन ऐन, २०७५ र **"हलेसी तुवाचुङ नगरपालिका** कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम .................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई **"हलेसी तुवाचुङ नगरपालिका**को तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

| | |
|---|---|
| | |

................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, १ न प्रदेश, विराटनगर ।

श्री प्रदेश लोकसेवा आयोग, १ न प्रदेश, विराटनगर ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा वित्त विभाग, **“हलेसी तुवाचुङ नगरपालिका दुर्छिम खोटाङ**